# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन १ गते २०१८ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालय

भंसार तथा अन्तःशुल्क विभागको

सचना

उपत्यका ४ भञ्ज्याङ र पूर्व १ नं. पश्चिम १ नं. बाहेक बांकी जम्मै पहाड इलाकाको हाड सिंगमध्ये हाडमात्र र पूर्व पश्चिम तराई इलाकामध्ये जिल्ला रौतहट, पर्सा, चितौन, चिसापानी र सरकारी वनजंगल बाहेक र गौंडाको खाग तथा हात्तीका हाडहरू समेत बाहेक गरी अरू बाँकी तराई जिल्लाको हाड सिंगसमेत दुवै थरी २०१७ साल माघ १२ गतेदेखि २०२० साल कार्तिक मसान्तसम्म २ वर्ष ९ महीना १९ दिनतकको निमित्त ठेकदारतर्फबाट बटुली भंसार अड्डाको महसूल तिरी नेपाल अधिराज्य बाहिर निकासी गर्न पाउने गरी देउरिया थानालार मौजे भागलपुर घरभै हाल नेपाल जिल्ला महोत्तरी मौजे जलेश्वर महवा गोदाम बस्ने मूसताज मियांसंग ठेका वन्दोवस्त भै गएकोहुनाले उक्त हाड सिंग ठेकदारलेनै चलन गर्न पाउने व्यवस्थाको निमित्त तल लेखिए बमोजिम गर्न गराउन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिइएको छ ।

१– ठेकदारको निस्सा पुर्जी बेगर कसैले हाड बटुली राख्न र निकासी गर्नु हुंदैन, गरेको फेला



४०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परे ठेकदारले पहिलो पटक बिगो जफत र दोस्रो पटक बिगो जफत गरी कसूरवालालाई ऐन सवाल बमोजिमसमेत हुनेछ ।

२– अड्डा गौंडा गोस्वाराले पनि ठेकदार विवर्जित ठेकदारको निस्सा पुर्जी नभै हाड सिंग बटुली लैजाने मानिस फेला परेमा १ दफामा लेखिए बमोजिम गरी ठेकदारलाई दिलाइ भराइ दिनुपर्दछ ।

३– ठाउं–ठाउंमा भंसार अड्डाहरूले पनि ठेकदारको निस्सा पुर्जी नभै हाड सिंग निकासी गर्न ल्याएमा निकासी गर्न नदिई पक्री ठेकदार वा सो नभए नजिक पर्ने अड्डामा बुझाइ-दिनुपर्छ ।

४– गाउं मौजाका जिमीदार पटवारी अमाली तालुकदारहरुलेसमेत आफ्नो इलाका गाउंमौजाको हाड सिंग ठेकदार विवर्जित अरू कसैले खोजेको थाहा पाएमा हट्टीदारलाई अथवा सो नभए नजिक अड्डामा गई थाहा भएको कुरा जाहेर गर्नुपर्छ, नगरेमा ऐन सवाल बमोजिम हुनेछ ।

५– ठेकदारको निस्सा पुर्जी नभएको मानिसले हाड सिंग बटुली लैजानलागेका बेलामा पक्रँदा हूलदंगा गर्ने मानिसलाई पक्रन निमित्त ठेकदार वा ठेकदारको मानिसले पुलिस मद्दत माग्न आएमा जो चाहिन मद्दत तुरुन्त खटाई पठाइदिनुपर्दछ ।

आज्ञाले–
परिक्षितनरसिंह राणा
श्री ५ को सरकारको निमित्त सचिव,
अर्थमन्त्रालय ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय

## भंसार तथा अन्त:शुल्क बिभागको

## सूचना

भंसार महसूल अन्त : शुल्कको दर र भंसार वा महसूल वा माफि संरक्षण कर तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल अधिराज्यको व्यापार बढाउनसमेत सबै विषयमा आवश्यक सुझाव प्राप्त गर्न राष्ट्रिय योजना परिषद्को सदस्य डा. धुवमान-सिंहको अध्यक्षतामा निम्नलिखित सरकारी तथा गैर सरकारी सदस्यहरु भएको टयारीफ बोर्ड गठन गर्न श्री ५ को सरकारले मिति ०१८–९–१० मा निर्णय गरेको छ ।

४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सरकारी सदस्यहरू:-

(१) अर्थ मंत्रालय । आय शाखाका सह सचिव ------सदस्य
(२) ,, ,, अन्वेषण शाखाका सह सचिव ,,
(३) उद्योग तथा वाणिज्य मन्त्रालयका सह सचिव ,,
(४) भंसार तथा अन्त : शुल्क विभागका डाइरेक्टर ------सदस्य सचिव

(ख) गैर सरकारी सदस्यहरू:-

(१) श्री लोकनाथ जोशी काठमाडौं --------सदस्य
(२) श्री राजबहादुर चिपालु ललितपुर ------ ,,
(३) श्री कैलाश शमरशे नेपाल गञ्ज --------- ,,
(४) श्री युद्धबहादुर श्रेष्ठ विराटनगर ------ ,,
(५) श्री सत्यनारायण अग्रवाल बी. ए. वीरगञ्ज --- ,,
(६) श्री खेमचन्द्र चौधरिया, राजविराज (सप्तरी)- ,,

आज्ञाले-
परिक्षितनरसिंह राणा
श्री ५ को सरकारको निमित्त सचिव
अर्थ मन्त्रालय ।

402

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।